# लोक सेवा आयोग

लोक सेवा आयोग
सूचना तथा प्रकाशन शाखा

अनामनगर, काठमाडौं

# प्रेस विज्ञप्ती

कोरोना भाईरस रोग (COVID-19) का कारण सिर्जना भएको स्वास्थ्य-सुरक्षा सम्बेदनशीलतालाई दृष्टिगत गर्दै आयोगबाट सञ्चालन हुने लिखित परीक्षा, अन्तर्वार्ता लगायतका सम्पूर्ण परीक्षा कार्यक्रम तथा विज्ञापनहरु समेत अर्को व्यवस्था नभए सम्मका लागि स्थगन भएकोमा नेपाल सरकार मन्त्रिपरिषद्वाट मिति २०७७/०१/१४ मा भएको निर्णय समेतलाई मध्यनजर गर्दै आज मिति २०७७/०२/०५ मा बसेको आयोग बैठकको निर्णयवाट निम्न व्यवस्थाहरु गरिएको छ ।

**निजामति सेवाको पदपूर्ति कार्यक्रम सम्बन्धमा :-**

१. लिखित परीक्षा सम्पन्न भएका र अन्तर्वार्ता कार्यक्रममा प्रवेश गरिसकेका विज्ञापनको हकमा नयाँ कार्यतालिका निर्धारण गरी पछि प्रकाशन गरिनेछ ।

२. कुनै चरणको परीक्षा कार्यक्रम (प्रथम चरण परीक्षा/लिखित परीक्षा/प्रयोगात्मक परीक्षा आदि) पूर्ण वा आंशिक रुपमा सञ्चालन भएका विज्ञापनका हकमा स्थिति सामान्य भएपश्चात वाँकी सम्पूर्ण परीक्षाहरुको नयाँ परीक्षा कार्यक्रम निर्धारण गरिनेछ ।

३. दरखास्त संकलन भैसकेका तर कुनैपनि चरणको परीक्षा कार्यक्रम सञ्चालन नभएका विज्ञापनका हकमा नेपाल सरकारवाट अर्को निर्णय भई नआएसम्मका लागि परीक्षा कार्यक्रम स्थगन गरिएको छ ।

४. २०७६/११/२८ मा प्रकाशित राजपत्र अनंकित द्वितीय श्रेणी (अप्राविधिक) खरिदार वा सो सरह पदका लागि भएका विभिन्न विज्ञापनहरुमा दरखास्त लिने कार्य २०७७/०२/९ गते शुक्रवार देखि बन्द गर्ने निर्णय भएको छ । दरखास्त बुझाई सकेका तर दरखास्त दस्तुर बुझाउन वाँकी उम्मेदवारहरुका लागि स्थिति सामान्य भएपश्चात निश्चित अवधि तोकी दस्तुर बुझाउने प्रवन्ध गरिने छ । नेपाल सरकारवाट अर्को निर्णय भई नआएसम्मका लागि उक्त विज्ञापनहरुको परीक्षा कायक्रम स्थगन गरिएको छ ।

५. आयोगको स्वीकृत वार्षिक कार्यतालिका वमोजिम विज्ञापन हुन वाँकी रहेका पदहरुको विज्ञापन प्रकाशनको कार्य हाललाई स्थगन गरिएको छ ।

६. न्याय सेवा आयोगको क्षेत्राधिकार भएका न्याय सेवाका पदका विज्ञापनको हकमा स्थिति सामान्य भएपश्चात नयाँ परीक्षा कार्यक्रम निर्धारण गरिनेछ ।

**सुरक्षा निकाय तथा संगठित संस्थाको परीक्षा सञ्चालन सम्बन्धमा :-**

७. कुनैपनि चरणको परीक्षा कार्यक्रम (शारिरीक तन्दुरुस्ती परीक्षण, आई.क्यू. परीक्षा, प्रथम चरण परीक्षा, लिखित परीक्षा वा अन्य यस्तै प्रकारका परीक्षाहरु) भई सकेका वा परीक्षा प्रकृयामा प्रवेश गरि सकेका निकाय/संस्थाका लिखित परीक्षा सञ्चालन हुन बाँकीको हकमा स्थिति सामान्य भएपश्चात नयाँ परीक्षा कार्यक्रम निर्धारण गरि सार्वजनिक गरिनेछ ।

८. संवन्धित निकाय/संस्थावाट विज्ञापन प्रकाशन गरिसकेको तर आयोगवाट परीक्षा कार्यक्रम निर्धारण हुन वाँकी रहेका निकाय/संस्थाका विज्ञापनको परीक्षा कार्यक्रम नेपाल सरकारवाट अर्को निर्णय भई नआएसम्मका लागि स्थगन गरिएको छ ।

**मिति: २०७७ जेठ ५ गते, सोमवार**

...........................................

**(देवी प्रसाद सुवेदी)**

सूचना अधिकारी/सहायक प्रवक्ता